# नेपाल कम्युनिस्ट पार्टी
(एकीकृत मार्क्सवादी–लेनिनवादी)
# केन्द्रीय प्रचार विभाग
धुम्बाराही, काठमाडौं

पत्र संख्या .......

१० जेठ २०७४

## प्रेस विज्ञप्ति

नेकपा (एमाले) स्थायी समितिको बैठक आज अध्यक्ष कमरेड केपी शर्मा ओलीको अध्यक्षतामा उहाँको निवास बालकोटमा सम्पन्न भएको छ। बैठकले निम्न निर्णय गरेको छ:

स्थानीय तहको संख्या र सीमा हेरफेर गर्ने सरकारको निर्णयले जेठ ३१ गते हुन गइरहेको स्थानीय तहको दोस्रो चरणको निर्वाचनलाई अन्योलपूर्ण बनाइरहेको, तत्कालै संसद्मा सरकारको नीति तथा कार्यक्रम र बार्षिक आय-व्यय (बजेट) पेस गर्नुपर्ने साथै हाम्रो पार्टीले संविधान संशोधन प्रस्ताव, प्रधानन्यायाधीशमाथिको महाअभियोग प्रस्ताव, स्थानीय तहको पहिलो चरणको निर्वाचनमा सरकारी तवरबाट भएका ज्यादतीहरुको संसदीय छानबिनको माग गरिरहेको बेला त्यसमा सरकारका तर्फबाट आवश्यक पहलकदमी लिएर राजनीतिक सहमतिको वातावरण निर्माण गर्नुपर्नेमा स्थानीय तहको घोषित निर्वाचन समयमै सम्पन्न गर्नुपर्ने जिम्मेवारी रहेको सरकारका प्रधानमन्त्रीले आफ्नो पदबाट राजीनामा दिएर परिस्थितिलाई झन् अन्योलपूर्ण बनाउनुभएको छ।

हाम्रो पार्टी स्थानीय तहको पूर्वनिर्धारित संख्या र सीमाभित्र रहेर आगामी जेठ ३१ गते स्थानीय तहको दोस्रो चरणको निर्वाचन सम्पन्न गर्न जोडदार माग गर्दै यसका लागि सम्बन्धित सबैको गम्भीर ध्यानाकर्षण गर्दछ।

योगेश भट्टराई
प्रमुख